नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

आयोजना क्लाष्टर इकाई, धनुषा

# सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/०४)**

यस आयोजना क्लष्टर इकाई, धनुषा नक्टाझिजको आ. ब. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार RFQ Limited/World Bank को खरिद प्रक्रिया मार्फत् विभिन्न जातका बर्षे धानको उन्नत बीऊ आपूर्तिका लागि आ.ब. २०८२/८३ को लागि यस आयोजना क्लष्टर इकाई धनुषाको मौजुदा सूचीमा सूचीकृत भएका नेपाल सरकारबाट इजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट निम्नलिखित शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ:-

१. दरभाउपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखी १५ (पन्द्र) औं दिनसम्म यस आयोजना क्लष्टर इकाई धनुषाबाट तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ र १६ (सोह्रौं) औं दिनको मध्यान्ह १२.०० बजेसम्ममा यस यस आयोजना क्लष्टर इकाई धनुषा नक्टाझिजको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ | यदि १६ (सोह्रौं) औं दिन सार्वजनिक विदा परेमा विदापछि कार्यालय खुलेको दिन मध्यान्ह १२:०० बजेसम्म दर्ता गरिनेछ |

२. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन दिनको ठिक १:०० बजे खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई धनुषा, नक्टाझिजको कार्यालयमा कार्यालय प्रतिनिधि, प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ | प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन |

३. सिलबन्दी दरभाउपत्र साथ अनिवार्यरुपमा फर्म/कम्पनी दर्ता प्रमाण-पत्र, आ.ब. २०८२/८३ सम्म नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा प्रमाण पत्र (मू.अ.कर दर्ता समेत), आ.ब. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई सक्कलै प्रमाणित प्रतिलिपी संलग्न राखी आधिकारिक व्यक्तिले निवेदन दिनु पर्नेछ |

४. सिलबन्दी दरभाउपत्रमा तपसिलमा उल्लेखित जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय धनुषाको राष्ट्रिय बाणिज्य बैंक, भानु चौक, जनकपुर शाखामा रहेको धरौटी खाता नं. 1220100102030000 मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस बजे खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई धनुषा (अफिस कोड नं.- ३१२००१७०४) को नाममा "क" वर्गको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ४५ दिनको विडवंड सक्कलै पेश गर्नु पर्नेछ |

५. दरभाउपत्र शर्तरहित, केरमेट नभएको र कार्यालयले उपलब्ध गराएको दरभाउपत्रमा कुनै थपघट नगरेको हुनु पर्नेछ र समयसीमा भित्र प्राप्त नभएको, रित नपुगेको, सार्वजनिक खरिद ऐन नियमावली विपरित भएको र यो सूचनाको विपरित भएको दरभाउ उपर कार्वाही हुने छैन |

६. दरभाउपत्र खरिदकर्ता वा फर्महरुले कार्यको प्रकृति सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिनेछ |

७. दरभाउपत्र भर्दा स्पष्टरुपमा अङ्क र अक्षरमा भ्याट बाहेकको मूल्य उल्लेख गर्नु पर्नेछ | अङ्क र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ |

८. कुनैपनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस क्लष्टर इकाई कार्यालयमा रहने छ | यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ |

९. यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन- २०६३ र सार्वजनिक खरिद नियमावली- २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ |

१०. धानको उन्नत बीऊ आपूर्ति सम्बन्धी कार्य विवरण तपसिल बमोजिम हुनेछ :-

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | परिमाण | धरौटी रकम रु. | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | **NP-MoALD-515477-GO-RFQ-DHANUSHA-YR2** | धानको उन्नत बीऊ आपूर्ति | २३ मे.टन | ४५,०००/- | २०८३/०१/१८ दिनको १२:०० बजेसम्म | १०००/- |

नोट:- धानको उन्नत बीऊ आपूर्ति सम्बन्धी कार्यको विस्तृत जानकारी Bid कागजातहरुमा उल्लेख गरिएको छ |

२०८३/०१/०४

बरिष्ठ कृषि अधिकृत

बरिष्ठ कृषि अधिकृत